# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# मालिकार्जुन गाउँपालिका
# दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२८

च.नं. ५२०

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मालिकार्जुन गाउँपालिका,
दार्चुला ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

२०७७/३/२८

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।
स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।
आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।
लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च. नं. ५२१

मिति: २०७७।३।२८

श्री अध्यक्षज्यू,
मालिकार्जुन गाउँपालिका,
दार्चुला ।

**<u>विषय : लेखापरीक्षण प्रतिवेदन</u>** ।

**कैफियत सहितको राय**

हामीले मालिकार्जुन गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १४ करोड ५ लाख ६० हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २ लाख ९३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १० करोड ८८ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ४८ लाख ६९ हजार र पेश्की बाँकी रु. ६५ लाख ४७ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।६।२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना १४ (चौध) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले गाउँपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनवमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**मालिकार्जुनगाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचय:**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीयशासनपद्धतिलाई सुदृढ गरी स्थानीयतहमाविधायिकी, कार्यकारीणी र न्यायीकअभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न मालिकार्जुनगाउँपालिकाको स्थापनाभएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममाजनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरीनागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवाप्रदान गर्नु हो। यो गाउँपालीकाअर्न्तगत ८वडा रहेको ४४ सभा सदस्य १००.८२ व.की.मी.क्षेत्रफल १५,५८१ जनसंख्या सुदुरपश्चिमप्रदेशमाअवस्थित छ ।

**१. स्थानीय संचितकोष:**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालीकाले प्राप्त गरेको आय, अनुदानतथा साहायता र स्थानीय सरकार संचालननभएकाव्ययहरुको आयव्ययहिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्तअवस्थानिम्नवमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गतवर्षको जिम्मेवारी** | | ४,८६,१२,९३१।८० | १ | **चालु खर्च** | २२६७१९३७१।०० | |
| | क) नगद | | | २ | **पूँजीगतखर्च** | १७७१८२७०५।०० | |
| | ख) बैंक | | | ३ | **वित्तीयव्यवस्थाभुक्तानी** | | |
| | रा.बा.बैंक | | ०।०० | | क) ऋण भुक्तानी | | |
| | मछापुच्छ्रे बैंक | | ०।०० | | ख) व्याजभुक्तानी | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | ग) अन्यभुक्तानी | ०।०० | |
| | क) आन्तरिक राजस्व | | १२६४२२४५।७३ | ४ | **लगानी** | | |
| | ख) राजस्व बाँडफाँड संघ | | ४९१२५०००।०० | | ऋण लगानी | | |
| | ग) राजस्व बाँडफाँड प्रदेश | | १३२००००।०० | | शेयर लगानी | | |
| | घ) अन्यआय | | ० | | अन्यलगानी | | |
| | ङ) यो वर्षको आम्दानी | | ० | | | | |
| ३ | **वित्तीयहस्तान्तरण** | | ० | ५ | **धरौटी फिर्ता** | ५०२५० | |
| | | | | | धरौटी बैङ्क मौज्दात | १८३७४३९।०० | |
| | क)वित्तीय समानीकरण अनुदान | | १०६१०००००।०० | ६ | कोषखर्च | ०।०० | |
| | ख) सशर्त अनुदान | | १५८४९६०००।०० | ७ | **मौज्दात** | ०।०० | |
| | ग) समपूरक अनुदान | | १९७९००००।०० | | क) नगदमौज्दात | ०।०० | |
| | घ) विशेष अनुदान | | ३,००,००,०००।०० | | ख) बैंक मौज्दात | ६०५१३२२४।५३ | |
| | ङ)भ्रुलुङ्गे पुल | | ७६००००।०० | | | | |
| | च)सांसद विकास कोष | | ४५०००००।०० | | | | |
| | छ) पर्यटन | | २५०००००।०० | | | | |
| | शिक्षानिर्देशनालय | | ६५०००००।०० | | | | |
| | शिक्षानिर्देशनालय | | ९६००००।०० | | | | |
| | सामाजिकविकास मन्त्रालय | | १६८०००।०० | | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | | | |
| | क)वित्तीय समानीकरण अनुदान | | ६८५८०००।०० | | | | |
| | ख) सशर्त अनुदान | | | | | | |
| | ग) समपूरक अनुदान | | २२५००००।०० | | | | |
| | घ) विशेष अनुदान | | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **वित्तीयव्यवस्थाप्राप्ति** | | ०।०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवाप्राप्ति | | | | | | |
| | ग) ब्याजप्राप्ति | | | | | | |
| | घ) अन्यप्राप्ति | | | | | | |
| **६** | **विभिन्नकोषतर्फको आय** | | ०।०० | | | | |
| **८** | **जनसहभागिता (नगद)** | | ६९,९३,१२३।०० | | | | |
| **९** | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| **१०** | **धरौटी आय** | | १८८७६८९।०० | | | | |
| **११** | **लगानीको साँवाफिर्ता** | | | | | | |
| **१२** | **अन्यविविधआय** | | | | | | |
| | **जम्मा** | | **४६६३०२९८९।५३** | | **जम्मा** | **४६६३०२९८९।५३** | |

<table>
<tr><th>दफा नं.</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>फ्रिज गर्नुपर्ने रकम लेखापरीक्षणको क्रममा रु. १,०१,०६,०२१। असूल भएको छ ।</td><td></td></tr>
<tr><td>१.</td><td>बैंक हिसाव मिलानः कार्यालयले देखाएको बैक मोज्दात र बैंकले देखाएको मौज्दात बीच फरक भएमा भिडान विवरण पेश हुनु पर्दछ । आय व्यय विवरण अनुसार कार्यालयको श्रेस्तामा रु ६,०५,१३,२२४।५३ मौज्दात रहेकोमा बैंक स्टेटमेन्ट अनुसार आषाढ मसान्तमा निम्न बैंक खातामा जम्मा रु.१४,३४,७२,५९८।१६ मौज्दात देखिएको छ । गाउपालिकाको हिसाव र बैंकको हिसावको मौज्दातमा रु.८,२९,५९,३७३।६३ फरक परेको देखियो । गाउंपालिकाको स्रेस्ता र बैंकको हिसाव मिलान हुनुपर्ने रु.
<table>
<tr><th>खाता नं.</th><th>मौज्दात</th></tr>
<tr><td>माछापुर्च्छे वैक ग ४.१ संचित</td><td>६०,४८,९९४।६१</td></tr>
<tr><td>माछापुर्च्छे वैक ग २ .१ चालु</td><td>१,०८,७२,६६०।००</td></tr>
<tr><td>माछापुर्च्छे ग २ .२. पुजीगत</td><td>३,२५,०८,१६०।००</td></tr>
<tr><td>रा.वा. वैक संचित काष</td><td>८,९४,५२,९८२।०१</td></tr>
<tr><td>रा.वा. वैक चालु</td><td>४१,६३,५४३।५४</td></tr>
<tr><td>रा.वा. वैक संचित काष</td><td>४,२६,२५८।००</td></tr>
<tr><td>जम्मा</td><td>१४,३४,७२,५९८।१६</td></tr>
</table></td><td>८,२९,५९,३७३।६३</td></tr>
<tr><td>२. १</td><td>आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७८ बमोजिम स्थानीयतहले आफ्नो कार्यालयबाट सम्पादित गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीयप्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमाल्याउनुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । यस सम्बन्धमा निम्नव्यहोरा देखिएका छन् ।<br><br>
➢ नेपाल सार्वजनिक क्षेत्र लेखामानको प्रतिवेदनफारमहरु २०७५।०८।१० मा स्वीकृत भएकोमा सो बमोजिमफारमहरु प्रयोगमानल्याएको । संचितकोषको प्राप्तितथाभुक्तानीको एकीकृत आर्थिक विवरण म.ले.प.फा.नं. २७० तयार गर्नुपर्नेमा तयार नगरेको ।<br>
➢ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) बमोजिम योजनातर्जुमा गर्दा योजनाको संभाव्यताअध्ययनको आधारमा श्रोतसाधनको पूर्वानुमान, योजनाको प्राथकीकरण कार्यान्वयनतालिका र अनुगमनतथामूल्याङ्कन योजना समेत तयार गर्नुपर्नेमा सो बमोजिमकार्यान्वयनतालिका र अनुगमन योजनातयार नगरेको ।</td><td></td></tr>
<tr><td>३.</td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ३.६३ प्रतिशत, दोस्रो चौमासिकमा १७.१४ प्रतिशत र तेस्रो चौमासिकमा ७९.२१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ४८.२२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।</td><td></td></tr>
<tr><td>४.</td><td>संचितकोष फिर्ताः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७४।७५ च.नं. १०६४ मिति २०७५।०३।३१ को पत्रानुसार सशर्त अनुदानको रकममध्ये खर्च नभई बाँकी रहेमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सशर्त अनुदान तर्फको खर्च नभई बाँकी रकम केन्द्रिय विशेष कोष कार्यक्रमको रु. १,५१,७५,४९२। र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम शिक्षा निर्देशनालय तर्फको रु. ६०,००,०००। समेत कूल रु. २,११,७५,४९२। संचित कोषमा फिर्ता गर्नुपर्नेमा नगरेकोले संचितकोष दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२,११,७५,४९२।००</td></tr>
</table>

| | | |
|---|---|---|
| ५. | **गुणस्तर परिक्षण** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसमान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमभएनभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट ठेक्कामार्फत र उपभोक्ता समितिमार्फत गराएको निर्माण काममाप्रयोग हुने निर्माण सामग्री ढुङ्गा, गिटी, फलाम, तारजालीको ल्याव परीक्षण गराएको छैन् । यसले सम्पन्न निर्माण कार्यको गुणस्तर कमजोर देखिन्छ । निर्माण सामग्रीको गुणस्तर परीक्षण गरी प्रयोगमा ल्याउन कार्यालयको ध्यान जानुपर्छ । | |
| ६. | **धरौटी कट्टा नगरेको:-** सार्वजनिकखरिद नियमावली,२०६४ को नियम १२३(१)(४) मा सार्वजनिक निकायले रनिङ विलको भुक्तानीगर्दा रनिङ विलमाउल्लेखित रकमको पाँचप्रतिशत धरौटी कट्टा गर्नुपर्ने उल्लेख छ । ठे.नं. ६ को मालिकार्जुन भगवतीथाप्लादत्त सडक कटिङको कामबापत खम्पाचे शेर्पा निर्माण सेवालाई पहिलो र दोस्रो रनिङविलको रु. २८,२६,६२०। (भ्याट बाहेक) भुक्तानी भएकोमा नियमानुसार सो को ५ प्रतिशत रु.१,४१,३३१। धरौटी कट्टा गर्नुपर्नेमा धरौटी कट्टा नगरेको रु. | १,४१,३३१।०० |
| ७. | **हेभी मेशीनको प्रयोग:**सार्वजनिकखरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालितहुने निर्माण कार्यमा एक्साभेटर, डोजर जस्ता हेभी मेशीनको प्रयोग लागतअनुमानतयार गर्दाको समयमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएको हुनुपर्ने उल्लेख छ । कार्यालयबाट सञ्चालित योजनामा उपभोक्ता समितिबाट सडकको ट्र्याक खोल्ने काममा हेभीमेशिन प्रयोग भएको पाइयो । हेभीमेशीनप्रयोग गर्दा सहमतिलिने गरेको पाइएन । उदाहरणको लागि दिबडया, मड, भौतडी, चौड मन्दिरसम्मको माटो कटिङको काममा मेशिनको रु. ९,४५,०००। र मालिकार्जुन दत्तु सडक उपभोक्ता समितिलाई रु. २५,२४,९९६। मेशिन प्रयोग बापत भुक्तानी भएको छ । यसरी मेशिनप्रयोग गर्दा सहमतिलिएको नपाइएकोले कानूनको पालना हुनुपर्छ । | |
| ८. | **असूल गर्नुपर्ने :**सार्वजनिक खरिद नियमावली, २०६४ का नियम १२३(१)(ख)मा खरिद संझौता अनुसार रनिङ बिलवाकुनै बिलबिजकको भुक्तानीगर्दा प्राविधिक नापजाँच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । शंकरपुर क्याम्पसको दुई कोठे भवननिर्माण बापतउपभोक्ता समितिलाई रु. १६,४८,३२८। भुक्तानी भएकोमा आइटम नं. ५को स्टोन मेशनरी १:६ को कामनापीअनुसार १२.८९ घ.मि.को भुक्तानी गर्नुपर्नेमा १७.७४ घ.मि.को दर रु.१२,०५५। ले रु.२,१३,८५५।७० भुक्तानीभएको छ । नापीअनुसारको परिणाम भन्दा ४.८५ घ.मि. बढी भुक्तानी भएकोले प्रति घ.मि. दर रु.१२,०५५। ले रु. ५८,४६६।७५ बढी भुक्तानी असूल हुनुपर्ने रु. | ५८,४६६।७५ |
| ९. | **बिनाप्रतिस्पर्धा खरिद** :-सार्वजनिकखरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमितहुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको र नियम ३१(१) मा बीस लाख रुपैयाँभन्दा बढीको लागत अनुमान भएको जुनसुकै सेवाखरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । सडक तथा खानेपानी आयोजना डि.पि.आर तयार गर्न रु. २६,२८,६२७। भुक्तानी गरेको पाइयो । बीस लाखभन्दा बढीको लागत अनुमान भएको सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद नगरी निम्नानुसार पटकपटक सोझै खरिद गरेको पाइयो । फरक फरक समयमा विभिन्न योजनाको डि.पि.आर. रु. ५ लाखको सीमा भित्र रही गरेको कार्यालयको भनाई रहेको छ । उक्तखरिद कार्यमा प्रतिस्पर्धा नभएकोले मितव्ययी भएको पाइएन । प्रतिस्पर्धा सीमित हुने गरी सोझै खरिद गरेकोले नियम सम्मत नदेखिएको रु. | २६,२८,६२७।०० |

<table>
<tr><td></td><td>
<table>
<tr><th>भौ.नं./मिति</th><th>परापर्शदात्ता</th><th>योजना</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>४८७/०७६।३।१९</td><td>साइनिङ एक्सीस</td><td>बिनाकोराइली बागबजार</td><td>४,९८,३३०।००</td></tr>
<tr><td>४९३/०७६।३।१८</td><td>सरकमपेक्ट कन्सल्टिङ</td><td>सिमलगैर पत्थरकोट सडक</td><td>४५६४१७।००</td></tr>
<tr><td>४८९/०७६।३।१८</td><td>एसर्टिभ कन्सल्टिङ</td><td>गरडा सडक</td><td>४१४९३६।००</td></tr>
<tr><td>४९०/०७६।३।१९</td><td>मानिङ्गस कन्सल्ट</td><td>जोलजिवी सडक</td><td>४९७२००।००</td></tr>
<tr><td>४९२/०७६।३।१९</td><td>प्लान इन्जिनियरिङ</td><td>शंकरपुर वृहतखा.पा.</td><td>२,६३,८५५।००</td></tr>
<tr><td>४९१/०७६।३।१९</td><td>एक्शन एक इनोभेसन</td><td>मालिकार्जुन न्वालपानी</td><td>४,९७,८८९।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२६,२८,६२७।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०.</td><td>बीमा:सार्वजनिकखरिद नियमावली, २०६४ को नियम ११२(१) मा दशलाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन, लगायतनिर्माण कार्यको पूर्ण प्रतिस्थापनखर्चको बीमा गराउनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष रु. ४ करोड ६५ लाख ५९ हजाररकमका ८ वटा ठेक्का संभौता गरेकोमा सवै ठेक्कामाबीमा गराएको छैन । निर्माण कार्य शुरु गर्नुअघि नै बीमा गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>शोधभर्ना नभएको: कृषिकार्यक्रमखर्च अन्तर्गत जोशीएग्रोभेट सेन्टरसंग ६० प्रतिशतकार्यालयले व्यहोर्ने र ४० प्रतिशतकिसानले व्यहोर्ने गरी २८५ थानधानगहुँबताउने हाते पंखा रु. १९,९५,०००। को र पोलिहाउस १२० जि.एम.एस. ६X१२ को १२८ थान रु. ८९६०००। समेत रु. २८,९१,०००। को संभौता गरी सोभै खरिद गरेको पाइयो । उक्त सामानखरिद गर्दा प्रतिस्पर्धा गराएको पाइएन । चालीस प्रतिशतकिसानले व्यहोर्ने भनेकोमा उक्त रकम पछि शोधभर्ना हुने गरी सबै रकमकार्यालयबाट व्यहोरेको छ । यसरी एकातिर प्रतिस्पर्धा बेगर खरिद भएको छ भने हालसम्मउक्त सामानबिक्रिनभएको कारणबाट रु. २८९१०००। को ४० प्रतिशत रु. ११,५६,४००। शोधभर्ना भएको छैन । यसले आवश्यकताको पहिचान नगरी खरिद गरेको देखिन्छ । आवश्यकताको पहिचान गरी खरिदनभएको साथै खरिद कार्यमा प्रतिस्पर्धा नभएकोले मितव्ययीभएको नपाइएको र हालसम्मउक्त रकमशोधभर्ना समेत नभएको रु.</td><td>११,५६,४००।००</td></tr>
<tr><td>१२.</td><td>भेरियसन:सार्वजनिकखरिद नियमावली, २०६४को नियम ११८(१)मा खरिद सम्झौताको वखतपूर्वानुमान गर्न नसकिएको परिस्थितिमा भेरियसनआदेश जारी गर्न सक्ने उल्लेख छ। ठेक्का नं. ३ को एरिद्दना डाँडाकोट लाली सडक खण्डमा नयाँ ट्र्याक खोल्ने तथाविस्तार गर्ने कार्यको लागि २०७६।०२।२४ मा निर्माण व्यवसायी लटिनाथ एण्ड जोशीनिर्माण सेवासँग रु. ८१,४६,७२४। को संभौताभएकोमा कार्यसम्पन्नभई रु. ८९,६१,१५४।२८ भुक्तानीभएको छ । संभौताको परिमाणभन्दा माटो खन्ने र ग्याबियनको बढी परिमाणको भुक्तानीभएको छ । संभौता रकमभन्दा रु. ८,१४,४३०।२८ बढी भुक्तानीभएकोमा नियमानुसार भेरियसनआदेश जारी गर्नुपर्नेमा भेरियसन बेगर भुक्तानीअनियमित देखिएको रु.</td><td>८,१४,४३०।२८</td></tr>
<tr><td>१३.</td><td>प्रा.लि.मार्फत कार्य गराएको : सार्वजनिकखरिद नियमावली, २०६४ को नियम २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिवालाभग्राही समुदायले पाएको कामआफैले सम्पन्न गर्नुपर्ने उल्लेख छ । शंकरपुर सोलार पम्पिङ खानेपानी योजनाको लागिउपभोक्ता समिति र कार्यालयबीच गाउँपालिकाबाट रु.२९,५०,०००। र उपभोक्ता समितिबाट रु.४,४२,५००। व्यहोर्ने गरी २०७५।०८।१८ मा संभौता गरेको पाइयो । उक्तकार्य गर्न उपभोक्तासमितिले २०७५।०९।१५ मा जि.यु.पी.प्रा.लि.सँग संभौता गरेको छ । योजनाको काम सम्पन्नभएको उल्लेख गरेतापनि इष्टिमेटमा ३ एच.पि. क्षमताको मोटर भएकोमा ५.४ एच.पी. क्षमताको मोटर जडान गर्नुपर्ने प्रा.लि.ले जनाएको छ । ले.प. अवधिमाउक्त सोलार पम्पिङ खानेपानी संचालनमा रहेको पाइएन । उपभोक्ता समितिले पाएको कामआफैंले सम्पन्न गर्नुपर्ने नियममाव्यवस्थाभएकोमा समितिले प्रा.लि.सँग संभौता गरी काम गराएको पाइएकोले उपभोक्ता समितिलाई भुक्तानी रु. २९,५०,०००। नियमसम्मत देखिएन रु.</td><td>२९,५०,०००।००</td></tr>
</table>

<table>
<tr>
<td>१४.</td>
<td>ठेक्का सम्झौताभएको सडकखण्डमा कोटेशनको काम:सार्वजनिकखरिद नियमावली, २०६४ को नियम ८४(१) मा सार्वजनिक निकायले एकिकृत कार्यक्रम र खरिद योजनाअनुसार बीस लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य शिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने उल्लेख छ । मालिकार्जुन न्वालपानी सडकनिर्माण गर्न श्रीरामनिर्माण सेवासँग रु. ५३,८३,८५६। को संझौताभएकोमा सोही सडकअन्तर्गत आपतकालीनकार्य गराएको उल्लेख गरी खन्ने पूर्ने, स्टोन मेशनरी काम सोझै स्टिमेटको दरमा सोहीनिर्माण व्यवसायी श्रीराम सेवालाई रु. १९,९९,०७७। भुक्तानी गरेको पाइयो । कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न मिति खुलाएको छैन । उक्त काम कार्यपालिकाको निर्णयबाट गराएको उल्लेख भएकोमा निर्णय अध्ययन गर्दा तोकिएको बजेटभित्र रही थप कार्य गर्ने निर्णय पारित गरेको पाइयो । आपतकालिन कार्यको लागि सोझै प्रकृयाबाट काम गराउने निर्णयमाउल्लेख छैन । सोझै प्रकृयाद्धारा काम गराउने विषयमा केही उल्लेख नभएको र एउटै सडक खण्डमा बोलपत्रको माध्यमबाट ठेक्काको काम भएकोमा सोही खण्डमा कोटेशनको माध्यमबाट कार्य हुनु नियमसम्मत देखिएन रु.</td>
<td>१९,९९,०७७।००</td>
</tr>
<tr>
<td>१५.</td>
<td>सूचना प्रशारण:-यस कार्यालयबाट विभिन्नभौ.नं./मितिमाविभिन्नएफ.एम.लाई प्रचार प्रसार गर्न भनी रकमखर्च लेखेकोमा सम्बन्धितएफ.एम.हरुसँग संझौतानभएको, जिङ्गलनिर्माण नगरेको, कतिपटक, कुन दरमा प्रसारण गर्ने ? सो नखुलेको कार्यक्रम संचलन भएपछि प्रसारण भएको सि.डि. प्रमाण पेश नभएकोले प्रमाण पेश गरी नियमित गराउनु पर्छ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्म</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२३७/२०७६।१।३</td><td>रेडियो नयाँ नेपाल १०४.५</td><td>५,४०,०२७।००</td></tr>
<tr><td>२९८/२०७६।२।२३</td><td>नयाँरेडियो नेपाल</td><td>२,००,०००।००</td></tr>
<tr><td>४३२/२०७६।३।२२</td><td>रेडियो निगलासैनि</td><td>८७,५००।००</td></tr>
<tr><td>३५१/२०७६।३।२०</td><td>रेडियो निगलासैनि</td><td>२,७०,०००।००</td></tr>
<tr><td>३७७/२०७६।३।२२</td><td>रेडियो कालापानी</td><td>३१,५००।००</td></tr>
<tr><td>३२८/२०७६।३।२०</td><td>सिगास मेडिया</td><td>५,१३,०००।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१६,४२,०१७।००</td></tr>
</table></td>
<td></td>
</tr>
<tr>
<td>१६.</td>
<td>तालिम कार्यक्रम:- कार्यालयको संस्थागतक्षमताअभिबृद्धि र अभिमुखिकरण कार्यक्रमतालिममाभौ.नं. ४३६ बाट कृष्णराज जोशीको रु. ४९९३५०।०० पेश्की फछ्र्यौट गरेकोमा तालिम संचालनभएको स्थानखुलेको नदेखिएको, तालिमको संचालनको तालिका पेश नभएको, सहजकर्ता, टिप्पणीकार तथाश्रोत व्यक्तिहरुको तालिम पाठ्यक्रमको कार्यपत्र प्रस्तुतहुननसकेकोले उक्त प्रमाणहरु सहितकार्यपालिकाबाट प्रमाण पेश गर्नुपर्ने अन्यथाअसूल उपर गर्नुपर्ने देखिएको रु.</td>
<td>४,९९,३५०।००</td>
</tr>
<tr>
<td>१७.</td>
<td>बाँकी पेश्की:-आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिमबाँकी रहेको पेश्की समयमै फछ्र्यौट दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा निम्नानुसारका कर्मचारीहरुको पेश्कीबाँकी रहेकोले फछ्र्यौट असूल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>पेश्कीलिनेको नाम</th><th>वडा नं.</th><th>पेश्की रकम</th></tr>
<tr><td>धनबहादुर चन्द</td><td>१</td><td>१,००,०००।००</td></tr>
<tr><td>चमनपहरी</td><td>२</td><td>१,००,०००।००</td></tr>
<tr><td>गंगारामलोहार</td><td>५</td><td>१,००,०००।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३,००,०००।००</td></tr>
</table></td>
<td>३,००,०००।००</td>
</tr>
<tr>
<td>१८.</td>
<td>होजियारी तालिम:-बार्षिक कार्यक्रम र लक्ष्यबमोजिमप्रगतिहुनु पर्नेमा गतआर्थिक वर्षको संचालन गर्नुपर्ने होजियारी तालिमवापतको रु. २ लाख यस आर्थिक वर्षमा २०७५।७६ भुक्तनीभएकोले उक्तकार्यक्रम संचालनभएको प्रमाण र नियमित गरी पेश गर्नुपर्ने अन्यथाअसूल उपर गर्नुपर्ने रु.</td>
<td>२,००,०००।००</td>
</tr>
<tr>
<td>१९.</td>
<td>प्रमाण एकिननभएको:-कार्यालयले विभिन्नमितिमा गाडी रिजर्भ वापत रु. ५०,०००। भुक्तानीगर्दा कुनमितिमा, कहाँ देखि कहाँ, कुनप्रयोजनमा गाडी रिजर्भ गरेको भन्ने नखुलाई भुक्तानी गरेकोले प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>भुक्तानीपाउने</th><th>गाडी नम्बर</th><th>रकम</th></tr>
<tr><td>१४७/०७५।११।७</td><td>दुर्गा सिंह सामन्त</td><td>से.१.ज.९४८</td><td>५०,०००।००</td></tr>
</table></td>
<td>२,५८,०००।००</td>
</tr>
</table>

<table>
<tr><td></td><td>
<table>
<tr><td>१५१/ ०७५।११।७</td><td>दुर्गा सिंह सामन्त</td><td>से.१.ज.९४८</td><td>२०,०००,००</td><td></td></tr>
<tr><td>१५२/ ०७५।११।७</td><td>जनप्रतिनिधिहरु</td><td>से.१.ज.९४८</td><td>१८,०००।००</td><td></td></tr>
<tr><td>१६०/ ०७५।१२।१</td><td>किसन सिंह धामी</td><td></td><td>१५०,०००।००</td><td></td></tr>
<tr><td>२८०/०७६।२८</td><td>किसन सिंह धामी</td><td></td><td>२०,०००।००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२,५८,०००।००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.</td><td>प्रधानमन्त्री स्वरोजगार कार्यक्रमःश्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रालयको मिति २०७५।१२।११ को बजेट कार्यान्वयन सम्बन्धी पत्रबाट प्रधानमन्त्री स्वरोजगार कार्यक्रमकालागिआवश्यक पर्ने बजेट उपशीर्षक नं. ३७११०८ बाट तोकिएबमोजिमकाक्रियकलापहरुमाखर्च गर्ने गरी LMBISमार्फत पठाइएको पाइयो । सो बजेटको अख्तियारीमा सम्बन्धित कोष तथा लेखानियन्त्रककार्यालयबाट निकासाप्राप्त गरी नियमानुसार खर्च गर्नु र त्यसको प्रतिवेदन समयमा नै मन्त्रालयमा उपलब्ध गराउने उल्लेख छ । गाउँपालिकाले कोषतथा लेखानियन्त्रक कार्यालयबाट निकासा प्राप्त नगरी रु. ३५,०७,१९५। खर्च गरेको छ । को.ले.नि.का.बाट निकासामाग गरी खर्च गर्नुपर्नेमा सो नगरी गाउँपालिकाको आफ्नै संचितकोषबाट खर्च गरेको पाइयो। गाउँपालिकाले आफ्नै श्रोतबाट खर्च गर्ने गरी पारित भएको कार्यक्रमअन्तर्गत नपरेको उक्तखर्च गाउँपालिकाको गाउँसभाबाट नियमितहुनुपर्ने रु.</td><td>३५,०७,१९५।००</td></tr>
<tr><td>२१.</td><td>बिल भर्पाई नभएकोः४/२०७६।०३।१८ः आर्थिक कार्यविधिनियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खचको बीलभर्पाई सहित लेखा राख्नुपर्नेछ  भन्ने व्यवस्था रहेको छ । यस भौचरबाट रु. ११०९७७। खर्च लेखेकोमा रु. ९०४७७।१८ मात्रको बीलभर्पाई संलग्नभएकोले बाँकी रु. २०५००। को बीलभर्पाई समाबेश नभएकोले असूल गर्नुपर्ने रु.</td><td>२०,५००।००</td></tr>
<tr><td>२२.</td><td>स्वास्थ्य(८०७७३५०५५०१)ः<br>३/०७५।५।२५, ४/०७५।४।२५ः खर्च भई भुक्तानीदिनबाँकी रहेको अवस्थामाभुक्तानीदिनबाँकीको विवरण म.ले.प.फा.नं. १८ बनाई स्वीकृत गरी राख्ने र पछिल्लो वर्ष बजेट व्यवस्था गरी भुक्तानीदिनु पर्दछ । कार्यालयले स्वस्थ्यतर्फका २६ जना स्थायीकर्मचारीहरुको २०७५ जेष्ठ र अषाढको तलवभत्ता रु. २६,३३०७३। र करार तर्फका कर्मचारीहरुको २०७५ जेष्ठ र आषाढ महिनाको तलवभत्ता रु. १४०३६०। भुक्तानीदिनबाँकीको कच्चेवारी बिनाभुक्तानीदिएको रु.</td><td>२७,७३,४३३।००</td></tr>
<tr><td>२३.</td><td>शिक्षाः (क) ८०७७३५०५८०१, यस आ.व.को यस शीर्षक अन्तर्गतको आर्थिक विवरणले जम्माखर्च रु. ११५९९४८५१। देखाएकोमा बैंक नगदीकिताबको बजेट खर्च महलले रु. ११५९४९७३७। मात्रदेखाएको छ । यसरी बैंक नगदीकिताबले देखाएको जम्माखर्च भन्दाआर्थिक विवरणले रु. ४५,११४। बढी खर्च देखाएकोले उक्त फरक भिडान हनुपर्ने रु.<br>ख) २९/०७६।०३।१८ः विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत श्री सरस्वती मा.वि. सेलिचमालाई ICT सामाग्रीखरिद अन्तर्गत रु. ४९८८९५। बराबरका ल्यापटप, कम्प्युटर, प्रोजेक्टर लगायतका सामाग्रीको भुक्तानीदिएको छ । सम्बन्धित स्कूलबाट सामानमाग गरेको, खरिद गरेको र दाखिला गरेको प्रमाण बेगर नै भुक्तानीदिएकोले ती सामाग्रीहरु खरिद गरी जिन्सीआम्दानीबाँधिएका छन भनीएकिन गर्न सकिएन् रु.</td><td>४५,११४।००<br>४,९८,८९५।००</td></tr>
<tr><td>२४.</td><td>महिलाबिकास : १४/०७६।०१।३०ः २०७६।०१।२२ मा लैङ्गिक हिंसा निवारणमा न्यायिक समितिको क्षमताविकास विषयक १ दिने गोष्ठी संचालनमाभएको खर्चको भुत्तानीगर्दा प्रशिक्षकयातायातखर्च भनीप्रशिक्षकगगनसिहधामी र हेमन्तभट्टलाई प्रशिक्षकभत्ताको अलवाजनही रु. ५०००। का दरले एकमुष्ट रु. १०,०००। खर्च भुक्तानीदिएको देखियो । कुनै पारित गरको नर्मस, मापदण्ड बेगरनै खर्च भुक्तानीदिने पद्धतिले मनोमानीखर्च लेख्न सक्ने जोखिमहुने हुँदा यस्ता शीर्षकहरुमानिश्चित मापदण्ड बनाई खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>तलबः-कार्यालयले पशुस्वास्थय सेवा शिर्षकबाट सम्बन्धित पशुसेवाका कर्मचारीहरुलाई तलववितरण गर्नुपर्नेमा बित्तीय समानीकरण चालु शिर्षकबाट तलवमाखर्च लेखेको रकमको हिसाव समायोजन गरेको पाइएन । तसर्थ सम्बन्धित शिर्षकभन्दा बाहिरबाट खर्च लेखेको रकमनियमितनभएको रु.</td><td>३४,०४,९९९।००</td></tr>
</table>

२६. **असम्बन्धितशिर्षकमा खर्च लेखेको:-** कार्यालयले रकमकलमको खर्च लेख्दा मिल्दो शिर्षक र जुनकाममा बिनियोजित हो सोही आधारमा गर्नुपर्नेमा स्मार्ट रोड डिजाइनिङ्ग सर्भे वापतको सफ्ट्वयेरको खर्च रकम सेवा परामर्शबाट खर्च गरेकोले नियमित नभएको रु.

१,५०,०००।००

२७. **गतबर्षको भुक्तानी** :-आर्थिक कार्यविधि नियमावली, २०६४ बमेजिमगतआर्थिक वर्षमा भएको कामको भुक्तानी गर्न भुक्तानी दिनबाँकीको कच्चावारी म.ल.प.फा.नं. १८ प्रमाणित गरी सोको प्रमाणको आधारमा मात्रै भुक्तानी गर्नपर्नेमा यो वर्ष आ.व.२०७४।७५ मा भुक्तानी दिनबाँकीको रकम निम्नानुसार लेखेकोले उक्त रकम नियमित गर्नुपर्ने रु.

५३,६०,८७७।००

| **गो.भौ.नं./मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १६०/२०७५।१२।०१ | गाडी भाडा | १,५०,०००।०० |
| १६७/२०७५।०१।२० | गाडी भाडा | १,१७,०००।०० |
| २०१/२०७५।१२।१२ | गाडी भाडा | १८,०००।०० |
| ३०३/२०७५।०२।१३ | गाडी भाडा | १५,०००।०० |
| ३०१/२०७६।०२।२३ | योजनाअनुगमन | ३०,०००।०० |
| ४३३/२०७६।०३।३० | गाडी भाडा | २,३४,०००।०० |
| ३७३/२०७६।०३।२२ | अनुगमन | ९,३७७।०० |
| ७/२०७५।०५।२५ | पदाधिकारी खर्च | ४७,८७,५००।०० |
| **जम्मा** | | **५३,६०,८७७।००** |

२८. **बढी ग्रेड:- ५/२०७५।०५।२५** :कर्मचारीहरुको तलब भत्ता वितरण गर्दा पारित तलबी प्रतिबेदनका आधारमा मात्रै वितरण गर्नुपर्दछ । वडासचिव प्रेमसिंह धामीलाई तलवी प्रतिवेदनमा उल्लेखित आधारमा मात्रै तलव बुझ्नु पर्नेमा तोकिएको भन्दा बढी भुक्तानी निजबाट असूल उपर गर्नुपर्ने रु.

७,३९०।००

२९. **वर्षिक बिनियोजन भन्दा बढी खर्च:-** वार्षिक नीति र वार्षिक बजेट बिनियोजनको आधारमा मात्रै गाउँपालिकाले तोकिएको शिर्षकगतआधारमा खर्च गर्नु पर्नेमा वित्तीय समानीकरण अनुदानतर्फको निम्न बमोजिमका शिर्षकमा बिनियोजित बजेटको सीमाभन्दा बढी खर्च गरेको रकम अनियमित देखिएको रु.

१,६३,४५८।००

| **बजेट शीर्षक** | **बिनियोजन** | **खर्च** | **बढी खर्च रकम** |
|---|---|---|---|
| अन्यभत्ता | ४,००,०००।०० | ४,७९,३५०।०० | ७९,३५०।०० |
| घर भाडा | ३,००,०००।०० | ३,५५,९६६।०० | ५५,९६६।०० |
| इन्धनकर्मचारी | ४,००,०००।०० | ४,०२,९६३।०० | २,९६३।०० |
| संचालनतथा मर्मत | २,००,०००।०० | २,२०,९६९।०० | २०,९६९।०० |
| पदाधिकारी अनुगमन/भ्रमण | १५,००,०००।०० | १५,०४,२१०।०० | ४,२१०।०० |
| **जम्मा** | | | **१,६३,४५८।००** |

३०. **करकट्टी:-**गाउँपालिकापदाधिकारीहरुको आर्थिक वर्ष २०७४।७५ को एकमुष्ट छुट सुविधावापत यस कार्यालयबाट रु. ४७८७५००। भुक्तानीखर्च लेखेकोमा सामाजिक सुरक्षा करकट्टी गर्न छुट भएको असूल उपर गर्नुपर्ने देखिएको रु.

४७,८७५।००

३१. **दै.भ्र.भ.भुक्तानी:-**सरकारी कामको सिलसिलामाकाममा खटिएका वखतमात्रै दै.भ्र.भ.भुक्तानीलिन मिल्दछ । निम्न भौ.नं./मितिमा निम्न कर्मचारीहरुले कार्यालयमै नियमित रुपमा बसी काम गरेको अबधिमा समेत दै.भ्र.भ.को भुक्तानी लिएकोले उक्त अवधिको दै.भ्र.भ.भुक्तानी रकमअसूल उपर गर्नुपर्दछ ।

९,५९८।००

| **भौ.नं./मिति** | **नम/पद** | **अवधि** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ५/२०७५।०५।२५ | गोदावरी ठगुन्ना | २०७५।५।२६-०७५।६।१ | १७६०।०० |

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td>२२/२०७५।०७।०८</td><td>गोदावरी ठगुन्ना</td><td>२०७५।६।२६-०७६।६।२९</td><td>३९१९।००</td></tr>
<tr><td>७/२०७५।०७।०८</td><td>ना.सु.जनकराजअवस्थी</td><td>२०७५।५।१४-०७५।५।१७</td><td>३९१९।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९,५९८</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३२.</td>
<td>आई.टि.अधिकृत तलब :आई.टी. अधिकृत कृष्ण राज जोशीको मासिक तलव वापत यस शिर्षक बित्तीय समानीकरण चालुबाट खर्च लेख्दा २५ प्रतिशत मात्रै खर्च लख्नुपर्नेमा पुरै शतप्रतिशत व्यहोरेकोले उक्त खर्च नियमित नभएको रु.</td>
<td>४,६३,१२५।००</td>
</tr>
<tr>
<td>३३.</td>
<td>भ्रमण अभिलेख खाताः भ्रमणखर्च नियमावली, २०६४बमोजिम भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीको भ्रमण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । तर यस गाउँ कार्यपालिका कार्यालयबाट भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीहरुको भ्रमण अभिलेख खाता नराखेकोले पटक पटक भ्रमण गर्दा कार्यक्रम दोहोरो परेको वा नपरेको र अन्य भत्ता बुझेकोमा भत्ता र भ्रमण खर्चको भुक्तानी वितरणमा तालमेल मिलेको /नमिलेको सम्बन्धमा एकिन हुने आधार भएन । तसर्थ भ्रमण अभिलेख खाता राखेर मात्रै भ्रमण र अनुगमनमा खटाउने पद्धतिको शुरुवात गर्नु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>३४.</td>
<td>शिर्षक फरक बाट खर्च:-सरकारी रकम कलमको खर्चको भुक्तानी गर्दा सम्बन्धित खर्च शिर्षक र बजेट वर्गिकरण अनुसार तोकिएको शिर्षकमा मिल्ने गरी खर्च लेख्नुपर्दछ । यस कार्यालय अन्तर्गत विभिन्न रकमको भुक्तानी गर्दा शिर्षक नै फरक पारि खर्च लेखेको रकम अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>खर्च लेख्नु पर्ने शिर्षक</th><th>लेखेको शिर्षक</th><th>रकम</th></tr>
<tr><td>३६१/०७६।३।२०</td><td>बैठक भत्ता</td><td>कार्यालय सामानबाट</td><td>८८,०००।००</td></tr>
<tr><td>४६/०७५।११।१</td><td>सेवा परामर्श</td><td>कार्यालय सामान</td><td>१,५०,०००।००</td></tr>
<tr><td>३७७/०७६।३।२२</td><td>सूचना सञ्चार</td><td>पत्रपत्रिका मार्फत</td><td>३१,५००।००</td></tr>
<tr><td>६८/०७५।९।५</td><td>भाडा गाडी</td><td>विविध</td><td>१,२५,२००।००</td></tr>
<tr><td>३१५/०७६।२।३०</td><td>संचार</td><td>कार्यालय सामान</td><td>१९,९००।००</td></tr>
<tr><td>४९/०७५।८।२४</td><td>करार तलव(परामर्श)</td><td>तलवबाट</td><td>१,१९,०००।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५,३३,६००।००</td></tr>
</table>
</td>
<td>५,३३,६००।००</td>
</tr>
</table>

<table>
<tr><td>३५.</td><td>गाडी भाडाः- यस गाउँपालिकले कार्यालय प्रयोजनार्थ पदाधिकारी तथाकर्मचारीहरुको कार्य सूचारु त्थाव्यवस्थि तगर्न पटक पटक गरी रु. १७लाख३३ हजार गाडीभाडामा खर्च लेखेको छ । तर पेश गरेको आर्थिक विवरणको शिर्षगत विवरणमा भने ३ लाख २७हजार ६४७मात्रै खर्च गरेको विवरण पेश गरेको छ । गाडी भाडामा प्रयोग गर्दा पटक पटक संझौता गरी खर्च लेखेको छ भने कार्यालय सामान लगायतको ढुवानीमा खर्च लेख्दा के कति मालसामान खरिद वा हस्तान्तरण भई कहाँ देखि कहाँसम्म कति परिमाणमा ढुवानी गरेको हो भन्ने प्रमाण बेगर खर्च लेखेको छ। प्रयोग गरेको गाडीमा इन्धन बाहेक वा इन्धन सहितकतिभुक्तानी गर्ने हो भन्ने संझौतामा उल्लेख छैन । एकातर्फ धनगढी तथा महेन्द्रनगरसम्म गाडी रिजर्भ गर्दा प्रतिदिन पाँचहजारको दरले भुक्तानी गरेको छ भने अर्को तर्फ जिल्लाभित्रैको कामको लागि भने प्रतिदिन १० हजारको दरले समेत भुक्तानी गरेको पाइयो । यसरी सवारीसाधन भाडामा लिँदा निश्चित आधार र मापदण्ड अपनाएको छैन । यसरी मापदण्ड बेगर भएको खर्चको सदुपयोग भएको हो भन्ने आधार देखिएन । २ वर्षमा हुने सवारी साधनको खर्चले कार्यालयको आफ्नै सवारीसाधन खरिद गर्ने सकिने स्थिति देखिन्छ । वार्षिक बजेट व्यवस्था अनुसार उत्पादनमूलक काममा र सही सदुपयोग हुने तवरले खर्च गर्ने पद्धतिमा ध्यान नदिएको र आर्थिक विवरणमा रु. ३ लाख २७ हजार ६४७ खर्च लेखेको तर यथार्थ खर्च रु. १७ लाख ३३ हजार देखिएकोले यस्तो खर्च गर्ने प्रकृयामा सुधार गरी बढी लेखेको खर्च नियमित गर्नुपर्ने रु.</td><td>१४,०५,३५३।००</td></tr>
<tr><td>३६.</td><td>इन्धनः- कार्यालयले पदाधिकारी इन्धनमा रु.३ लाख र कर्मचारी इन्धनमा रु. ४ लाख गरी कूल रु.७लाखइन्धनमाबिनियोजन गरेकोमा रु. ६ लाख २१ हजार १९ खर्च भएको छ । सवारी इन्धनउपलब्धहुने पदाधिकारी तथाकर्मचारीले कुन मापदण्डमा कतिइन्धनप्रयोग गर्न सक्ने भन्ने आधार तथा मापदण्ड तय गरेको देखिएन । इन्धनउपलब्ध गराउदाकुपनप्रयोगको आधारमा खर्च लेख्ने पद्धति बसाल्नु पर्दछ । कार्यालयको प्रयोगको लागि रिजर्भ भएको सवारी साधन संझौतामाइन्धनकार्यालयले नै व्यहोर्ने वा सवारीधनीले भन्ने एकिननभएकोले इन्धनको सदुपयोगको अवस्थामाएकिनहुन सकिएन । तसर्थ मापदण्ड, आधार र प्रमाणको आधारमा इन्धनको प्रयोग गर्नु पर्छ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>सामाजिक सुरक्षाभत्ता : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ अनुसार भत्तावितरण गर्दा सम्बन्धितव्यक्तिलाई मात्रवितरण गर्नु पर्ने वा निजको व्यक्तिगत नाममा बैङ्कमा खोलिएको सामाजिक सुरक्षाविशेष वचतखातामा जम्मा गरिनुपर्ने उल्लेख छ । यस कार्यक्रमअन्तर्गत ८ वटा वडा कार्यालय मध्ये निकाशाभएकानिम्न वडा कार्यालयहरुलाई छनौट गरी लेखा परीक्षण गरिएकोमा देखिएकाव्यहोरा निम्नानुसार छ ।<br><br>(क)सामाजिक सुरक्षाभत्तावितरण गर्दा दार्चुलाजिल्ला पूर्ण साक्षर घोषित भइसकेको सन्दर्भमा अधिकांश वडाहरुमा भत्ताबुझ्ने सेवाग्रहीहरुले औठा छाप लगाई बुझेको पाइयो । सो नगरी बैङ्क खातामार्फत भुक्तानी गराउदाउपयुक्तहुने देखिन्छ ।<br><br>(ख)सामाजिक सुरक्षाभत्तापाउने व्यक्तिको परिचयपत्र सहितको नामावलीअधावधिकहुनुपर्नेमा नहुँदापाउनु पर्ने व्यक्ति छुट वाअर्को व्यक्तिले दोहोरो भत्ताभुक्तानीलिई खर्च अनियमितताहुन सक्ने सम्भावना रहन्छ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षाभत्ताखर्च लेख्नु पर्ने तर्फ कार्यालय र सम्वन्धितनिकाय अग्रसरता देखाउनु पर्दछ ।<br><br>(ग)कार्यालयले आर्थिक बर्षको शुरुमालाभग्राहीको लगत कितावअधावधिक गरिएको पाइएन । सामाजिक सुरक्षाभत्ताखर्च गरी पेश्की फछ्र्यौट गरेको मध्ये निम्न वडाहरुमा पेश्की फछ्र्यौट गर्दा भर्पाइ भन्दा बढी भुक्तानीभएको देखिन्छ सो रकमअसूल गर्नु पर्दछ । बाँकी वडा कार्यालयहरुको पनिकार्यालयले छानबिन गरी सामाजिक सुरक्षा भत्ता खर्च एकिनहुनु पर्दछ रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>वडा नं.</th><th>लाभग्राहीको वर्ग</th><th>सा.सु.खर्च</th><th>भर्पाई भन्दा बढी खर्च</th><th>कैफियत</th></tr>
<tr><td>१७/०७५।०८।०३</td><td>२</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>५४६०००</td><td>६०००</td><td>प्रथमचौमासिक</td></tr>
<tr><td>१८/०७५।८।१६</td><td>६</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>८१६०००</td><td>४००००</td><td>प्रथमचौमासिक</td></tr>
<tr><td>१९/०७५।८।१८</td><td>१</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>४१६०००</td><td>८०००</td><td>प्रथमचौमासिक</td></tr>
</table></td><td>३,३१,६००।००</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| २१/०७५।११।१० | ४ | ज्येष्ठ नागरिक अन्य | ६०८००० | २४००० | प्रथमचौमासिक |
| ३२।०७६।१।२३ | ६ | ज्येष्ठ नागरिक अन्य | ८८०००० | ८००० | दोस्रो चौमासिक |
| ३४/०७६।१।२३ | ८ | बालबालिका | ७५६०० | ६४०० | दोस्रो चौमासिक |
| ४८/०७६।३।२९ | ६ | ज्येष्ठ नागरिक अन्य | ८७२०० | १५२००० | तेस्रो चौमासिक |
| ४८/०७६।३।२९ | ६ | ज्येष्ठ दलित | ३९२००० | ६८००० | तेस्रो चौमासिक |
| ४८/०७६।३।२९ | ६ | बालबालिका | १६५२०० | ३२०० | तेस्रो चौमासिक |
| ५६/०७६।०३।२० | २ | विधवामहिलाको नाम लगत श्रेस्तामानभएको | रेखालोहार | ४००० | तेस्रो चौमासिक |
| " | २ | " | रुपसी देवी विष्ट | ४००० | तेस्रो चौमासिक |
| " | २ | " | रम्भा देवीधामी | ४००० | तेस्रो चौमासिक |
| " | २ | " | धानादेवीधामी | ४००० | तेस्रो चौमासिक |
| **जम्मा** | | | | **३३१६००** | |

३८. **स्थानीयतहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाको सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्थाअनुसार सुदुर पश्चिमप्रदेश संसदले स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार मालिकार्जुन गाउँपालिकाले देहायबमोजिम रु. ६१ लाख ६८ हजार । सुविधा वापत भुक्तानी गरेको छ ।

| सि नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ८ जना | कार्यापालिका सदस्य ६ जना | सभाका सदस्य २९ जना | जम्मा १२ महिनाको |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३०,०००। | २५,०००। | २००००। | ८०००। | ५,०००। | ३२,१६,०००। |
| | संचार | ११००। | १०००। | | | | २५,२००। |
| ३. | बैठक भत्ता ( बैठक संख्याको आधारमा) | | | | | | २९,२७,०००। |
| | **जम्मा** | | | | | | **६१६८२००।** |

३९. **राजस्व**:आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ मा राजस्वअभिलेख अधावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ । जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामाआएको सरकारी नगदीको हकमा सोहीदिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने समेत उल्लेख छ । यो वर्ष रु. १,२६,४२,२४५।७३ राजस्वआयभएको स्रेस्ता पेश भएको छ । गाउँपालिकाले राजस्वआम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । बैङ्कमार्फत राजस्वअसूल गर्नुपर्नेमा नगदी रसिदमार्फत नगद राजस्वअसूल गरेको छ। नगदी रसिद नियन्त्रण खाता राखेकोमा रसिद ठेलीको आम्दानीखर्च र बाँकी देखिने गरी राखेको छैन । दैनिकआम्दानीखाता म.ले.प.फा.नं. १०८ र राजस्वदाखिलाखाता म.ले.प.फ.नं. २३ राखेको छैन । नगदी रसिद ठेली वडालाई बुझाएको भर्पाइ छ तर पालिकाअन्तर्गत ८ वडा रहेकोमा वडाले प्रयोग गरेको रसिदबुझेको रसिद ठेलीसँग भिडान गर्दा नबुझेको रसिद पनि प्रयोग गरेको पाइयो । त्यस्तै रसिदनम्बर हातले लेखेको ठेलीप्रयोग गरेको छ । वडा नं. ६ र २ ले एक एकठेलीनम्बर हातले लेखेको प्रयोग गरेको छ । वडा नं. ४ ले रसिद नियन्त्रण खातामानभएको र.नं. २७०१ देखि २८००, १४५१ देखि १५००, २२०१ देखि २३०० र २३०१ देखि ३१५० तक ४ ठेलीप्रयोग गरेको छ । वडा नं. ७ ले र.नं. १ देखि ५०, ५१ देखि १००, १००१ देखि ११००, ११०१ देखि १२०० नम्बरका ४ ठेली रसिद नियन्त्रण खातामाउल्लेख नभएको रसिद ठेलीप्रयोग गरेको छ । यहीअवस्था अरु सबै वडामा रहेको छ । रसिद ठेलीनम्बर सिलसिलेवार छैन । अत:कार्यालयको

राजस्व असूलीतथादाखिलाएकीन गर्न सकिएन ।

४०. **पेश्की सम्बन्धमा निम्न व्यहोरा देखिएको छ :**

(**क**) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) बमोजिम उपभोक्ता समितिलाई दिएको पेश्कीआ.व.को अन्तसम्म फछ्र्यौट नभएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्ने रु — ३९,३३,६००।००

| **पेश्कीको मिति** | **पेश्कीलिनेको नाम** | **जम्मा** |
|---|---|---|
| २०७५।१२१५ | श्री पदम् राजअवस्थी र राम सिंह धामी | २३,३३,६००।०० |
| २०७६।०३।१६ | गंगा रामलोहार | १,००,०००।०० |
| २०७६।०३।१७ | श्री धनबहादुर चन्द | १,००,०००।०० |
| २०७६।०३।१८ | श्री चमनपहरी | १,००,०००।०० |
| २०७६।०२।२२ | कृष्ण मा.वि. डाडाकोट | ८०,०००।०० |
| २०७७।०२।२२ | लटिनाथ आ.बि. खोलिचौर | ५,००,०००।०० |
| २०७६।०२।२३ | हुनैनाथ मा.बि. चन्दनपुर | ३,००,०००।०० |
| | सामाज कल्याण समाज | ४,२०,०००।०० |
| **जम्मा** | | **३९,३३,६००।००** |

(**ख**)सामाजिक सुरक्षा तर्फ निम्न वडाकार्यालयहरुलाई तेस्रो चौमासिक पेश्कीभुक्तानीदिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममापनि पेश्की फछ्र्यौट नगराएकोले निम्नअनुसार सो पेश्की फछ्र्यौट हुनु पर्ने रु. — २३,१३,६००।००

| **वडा नं.** | **वडा सचिवको नाम** | **पेश्की रकम** |
|---|---|---|
| ४ | रामसिंह धामी | ८३४४०० |
| ५ | रामसिंह धामी | १४७९२०० |
| **जम्मा** | | **२३१३६००।००** |

(**ग**) गो.भौ.नं. २१ मिति २०७५।११।१० वडा नं.४ वडा सचिव पदमराज अवस्थीको प्रथम चौमासिक पेश्की रकम ८६०८०० मध्ये पे.फ. श्रेस्ताअनुसार रु. ८४०८००। को मात्र फछ्र्यौट भएको बढी रकम २०,०००। बैङ्कदाखिला गर्नुपर्ने रु. — २०,०००।००

४१. **खर्च फरकः-** सशर्त अनुदान सामाजिक सुरक्षाभत्तावितरण खर्च बैङ्क नगदीकितावअनुसार ३०२९८४००। खर्च भएको देखिन्छ ।आ.वि. अनुसार २९९९८०००। खर्च भएको देखाइएकोमा यथार्थ खर्च यकीन गर्नु पर्ने रु. — ३,००,४००।००

४२. **अनुगमनतथामूल्याङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| **गतवर्षको बेरुजु रकम(रु.) (A)** | **यो वर्ष फछ्र्यौट (B)** | बाँकी (C= A-B) |
|---|---|---|
| १,९१,३०,२९९।६७ | ७६,८७,२००।०० | १,१४,४३,०९९।६७ |

४३. **सम्परीक्षण :** सामाजिक सुरक्षा तर्फ सम्परीक्षणका लागि रु. ४५४७८००। अनुरोध भएकोमा निम्नानुसार फाँटबारी पेश भई फछ्र्यौट भएको छ । नपुग रकमको दाखिला प्रमाण पेश नभएकोले असूल हुनुपर्ने रु. — १,२८,८००।००

| **गो.भौ./मिति** | **वडा नं.** | **वडा सचिवको नाम** | **पेश्की रकम** | **पेश्की फछ्र्यौट रकम** | **बढी रकम** |
|---|---|---|---|---|---|
| २/०७५।४।१ | ७ | जय दत्त | १२३२००० | ११९६८०० | ३५२०० |
| ३/०७५।३।३२ | २ | खगेन्द्र | ८७९२०० | ८५४००० | २५२०० |
| ४/०७५।३।३२ | ६ | प्रेमसिहखत्री | १७७०४०० | १७३७२०० | ३३२०० |
| ०७५।४।११ | ८ | गणेश ब.पाल | १७७५००० | १७३५८०० | ३५२०० |

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td>जम्मा</td><td>१,२८,८००।००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४४.</td>
<td>
अद्यावधिक बेरुजु स्थिति : यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहायअनुसार रहेको छ :
<table>
<tr><th>गतवर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>१,१४,४३,०९९।६७</td><td>१,२८,८००।००</td><td>१४,०५,५९,५५९।००</td><td>१५,२१,३१,४५८।६७</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।
</td>
<td></td>
</tr>
</table>

अनुसूचीः १

# मालिकार्जुन गाउँपालिकाको बेरुजू वर्गीकरण

## २०७५।७६

(रु.हजारमा)

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | दार्चुला | मालिकार्जुन गाउँपालिका | ११ | ३१ | १४०५६० | - | - | - | ११ | ३१ | १४०५६० | २९३ | २४८६९ | १०८८५१ | - | - | १३३७२० | ६५४७ | - | ६५४७ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | मालिकार्जुन गाउँपालिका | दार्चुला | ४८६१३ | ११२८५८ | २९२१९० | १२६४२ | **४१७६९०** | २२६७१९ | १७७१८३ | ५१ | **४०३९५३** | **६२३५०** |

अनुसूची- ३

# अध्यावधिक बेरुजु स्थिति

## २०७५।७६

(रु.हजारमा)

| सि. नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं प. बाट कायम भएको बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १. | मालिकार्जुन गाउँपालिका | दार्चुला | १९१३० | ७६८७ | ११४४३ | १२९ | १४०५६० | १५२१३२ |